# खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,**
**भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज(https://www.kian.or.jp/hlkwsk.html)मा हेर्नुहोस्।

खावासाकी अन्तर्राष्ट्रिय संघ 2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान
Tel:044-435-7000 Fax:044-435-7010 https://www.kian.or.jp/ E-mail:kiankawasaki@kian.or.jp

*************************************************************************************

खावासाकी सिटी संगठनको 100 औँ वार्षिकोत्सव, खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको 30 औँ वार्षिकोत्सव

## इन्टरनेसनल फेस्टिबल इन खावासाकी 2024

खावासाकी शहर स्थापनाको 100 औँ वार्षिकोत्सवमा, विशेष अतिथि जुन कान्जाकी 10carats को स्टेज प्रदर्शन, विभिन्न देश, क्षेत्रका सङ्गीत र नृत्य, निजी संस्थाहरूको कार्ययोजना तथा गतिबिधिहरुको प्रस्तुति, विश्वभरका खानाहरू, स्टाम्प ऱ्याली आदिको आनन्द लिन सकिनेछ।

मिति : 2024 नोभेम्बर 17 (आइत) 10:00-16:00

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र



कार्यक्रम :
- जुन कान्जाकी 10carats (Fabulous Revue Boys) को स्टेज प्रदर्शन
- विश्वभरका खाना (किचेन कार)
- विश्वभरका उत्पादनहरू (हस्तकला, शिल्पकला र अक्सेसरीहरू आदिको बिक्री)
- विभिन्न देशका जातीय संगीत र नृत्य, छाया कठपुतली, जापानी ड्रम प्रदर्शन, र जापानी नृत्य।
- किमोनो ड्रेसिङ अनुभव,चिया समारोह (सादोउ) अनुभव, Futmesa आदि
- विदेशीहरुको लागि दैनिक जीवन तथा भिषा सम्बन्धि सल्लाह आदिको कर्नर

आयोजक : अन्तर्राष्ट्रिय फेस्टिबल कार्यक्रम समिति
(खावासाकी अंतर्राष्ट्रिय निजी संगठनहरुको परिषद् • खावासाकी अन्तर्राष्ट्रिय संघ)

*************************************************************************************

## खावासाकी शहरमा जीवन शुरु गर्ने विदेशीहरूको लागि नोभेम्बरमा दुई पटक जीवन अभिमुखीकरण गरिंदै छ।

पेन्सन र करको बारेमा?

～दैनिक जीवनको लागि उपयोगी आधारभूत जानकारी गराउछौं～



■ पहिलो पटक मिति र समय : नोभेम्बर 17 (आइत) 10:00～16:00
स्थान : खावासाकी अंतर्राष्ट्रिय केन्द्र पहिलो तल्ला प्रदर्शनी लबी
(अन्तर्राष्ट्रिय महोत्सव भित्र)

■ दोस्रो पटक मिति र समय : नोभेम्बर 29, (शुक्र) 9:30～12:30
स्थान : मियामाए सिमिनखाइ दोस्रो तल्लाको लबी
रिजर्भेसन गर्न नपर्ने, नि :शुल्क उपलब्ध हुने !
सोधपुछको लागि : खावासाकी अंतर्राष्ट्रिय संघ
फोन नं : 044-455-8811
e-mail: soudan39@kian.or.jp

फोहोर कसरी फाल्ने?

बिरामी भएमा?

आगलागी वा भूकम्प गएमा के गर्ने?







# प्रकोप हुनु अघि र पछि गर्नु पर्ने कुराहरू र उपयोगी जानकारी

# 「खावासाकीको तयारी」

## खावासाकी शहरले विदेशीहरूका लागि बनाएको विपद् रोकथाम पुस्तिका सिटि अफिसमा उपलब्ध छ।

अंग्रेजी, चिनियाँ, कोरियाली, पोर्तुगली, स्पेनिश र फिलिपिन भाषामा लेखिएको छ।

- 「खावासाकी शहरको प्रकोप पोर्टल साइट」 ले खावासाकी शहर र वरपरका क्षेत्रहरूको प्रकोप रोकथाम र प्रकोप जानकारी दिन्छ।
  「खावासाकीको तयारी」 को वेबमा पनि लिङ्क गरिएको छ।
  https://portal.kikikanri.city.kawasaki.jp/

खावासाकी शहरको प्रकोप पोर्टल

### ठूलो भूकम्प आयो ! के गर्ने त ?

・・・घर भित्र हुँदा

पहिले आफ्नो जीउ-ज्यान सुरक्षा गर्नुहोस्।

⬇

वरपरको सुरक्षा जाँच गर्नुहोस्।

⬇

प्रारम्भिक अवस्थाको आगलागी छ भए सकेसम्म निभाउनुहोस्।

⬇

नहडबडाई बाहिर निस्कनुहोस्।

⬇

छिमेकमा एक अर्कालाई मद्दत गर्नुहोस्।

・・・घर बाहिर हुँदा

पहिले, खसेर आउने वस्तुबाट आफ्नो टाउकोलाई जोगाउनुहोस्।

⬇

खस्ने सम्भावना रहेको कुराबाट टाढा रहनुहोस्।

⬇

हिडेर सुरक्षित स्थानमा जानुहोस्।
(गाडी वा एलेभेटर बाट होइन)





*********************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)

### ZOOM प्रयोग गरेर अनलाइन परामर्श लिन सकिन्छ !

**परामर्श समय 9:00～17:00 (शनिबार तथा बिदाका दिनहरूमा पनि उपलब्ध छ)**

**सम्पर्क नंम्बर Tel. 044-455-8811**

अनलाइन परामर्शको लागि

खावासाकी अन्तराष्ट्रिय केन्द्र होमपेज

सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुवाद फोनबाट परामर्श गर्नेछौं।

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार सम्म | चिनियाँ | सोमबार देखि शनिबार सम्म |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली | मंगलबार र बिहीबार | फिलिपिन | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

# प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

**प्रत्येक महिनाको तेस्रो आइतबार・परामर्श जापानी भाषामा मात्र हुन्छ, तर सशुल्क अनुवादक पनि रिजर्भ गर्न सक्नुहुन्छ।**

2024 अक्टोबर 20 (आइत) 14:00～16:00 खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा

2024 नोभेम्बर17 (आइत) 10:00～16:00 खावासाकी अंतर्राष्ट्रिय अन्तरक्रिया संघ पहिलो तल्ला प्रदर्शनी लबी (इन्टरफेस भित्र)